उदयपुरगढी गाँउपालिकाको आ.ब. ०७६/७७ को

# सार्वजनिक सुनुवाई प्रतिवेदन



**प्रतिवेदक**
बिकाश बन्जारा

**प्रतिवेदन बुझाएको कार्यालय**
उदयपुरगढी गाँउपालिका, उदयपुर

प्रतिवेदन बुझाएको मिति : २०७६।०५।१०

# विषयसुची

१. परिचय ........ 1

२. उदेश्य ........ 1

३. सम्पन्न क्रियाकलापहरु : ........ 1

४. उठेका प्रश्न□जिज्ञासा र उत्तर ........ 3

५. सार्वजनिक सूनूवाई कार्यक्रममा सूझावहरु ........ 7

६. सार्वजनिक सूनूवाई कार्यक्रममा जाहेर भएका प्रतिवद्धताहरु : ........ 7

अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता ........ 8

अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन ........ 9

अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन ........ 13

अनुसुचि ४ : उदयपूरगढी गाउपालिकाको संक्षिप्त प्रतिवेदन ........ 15

अनुसुचि ५: कार्यक्रमकका फोटोहरु ........ 17

अनूसूचि ६: कार्यक्रमको उपशि्थतिको प्रतिलिपि ........ 18

## १. परिचय

उदयपुर जिल्लाका ८ वटा स्थानीय तह मध्येको एउटा स्थानीय तह उदयपुरगढी गाँउपालिका हो । यो गाँउपालिका उदयपुर जिल्लाको साविक गाविसहरु पञ्चावती, भलायाडाडा, डुम्रे, बर्रे र तावाश्री मिलाएर बनाईएको हो । यस गाँउपालिकाको जम्मा जनसंख्या (२०६८ को जनगणना अनुसार) गाभिएका साविक गाविसहरुको जनसंख्या जोड्दा ३०७८० रहेको छ । हाल ८ वटा वडाहरु रहेको यस गाँउपालिकाको क्षेत्रफल १४१.८ वर्गकिमी रहेको छ । ऐतिहासिक क्षेत्र उदयपुरगढीको नामबाट नामाकरण गरिएको यस गाँउपालिकाको केन्द्र उदयपुरगढीमा रहेको छ ।

स्थानीय तहवाट संचालित विकास निर्माणका कार्यक्रमहरु, उपलब्ध सेवाहरु, वस्तु र सुविधाहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ ।

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनु सार्वजनिक सुनुवाइ कार्यक्रमको उदेश्य हो । सार्वजनिक सुनुवाई कार्यक्रम पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्ने उपयुक्त माध्याम हो । यसले सेवा प्रवाह गर्ने निकायका नागरिकहरुसंग रहेका असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत समाधान गरी शुसाशन कायम गर्न सहयोग गर्दछ ।

यस गाँउपालिकाले आ.ब.०७५/७६ मा विभिन्न प्रकारका विकास निर्माणका कार्यक्रमहरु, सेवाहरु र सुविधाहरु नागरिक समक्ष प्रवाह गरेको छ । यस्ता कार्यक्रमहरु, सेवा तथा सुविधाहरु नागरिक समक्ष प्रवाह गरिसकेपछि नागरिकहरुसँग रहेका विभिन्न असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत जवाफ दिन यस आ.ब.को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण २०७६ भाद्र ४ गते सहजकर्ता द्वय बिकाश बन्जारा र सुनिल ल्वागुनद्धारा भएको थियो । त्यस्तै सार्वजनिक सुनुवाईका लागी आवश्यक पर्ने बर्हिगमन अभिमत (Exit poll ) र नागरिक प्रतिवेदन पत्र **(CRC)** को सुचना संकलन पुष्कर धमला र सबिना भण्डारीद्धारा भएको गरिएको थियो ।

यो सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्ने सहजकर्ताद्धारा तयार गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन हो ।

## २. उदेश्य

उदयपुरगढी गाँउपालिकाबाट संचालित विकास निर्माणका कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गर्दै सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याएर नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवार संस्कार बसाउने ।

## ३. सम्पन्न क्रियाकलापहरु :

**क) बहिर्गमन अभिमत (Exit poll )संकलन :**

सार्वजनिक सुनुवाइको कार्यकम हुने दिन भन्दा अगावै बहिर्गमन अभिमतको फारम प्रयोग गरी सूचना संकलन गरिएको थियो । बहिर्गमन अभिमतको फारमबाट कार्यालयको सेवा वा सुविधा वा वस्तु प्राप्त गरेका नागरिकमध्ये ३० जना नागरिकवाट बहिर्गमन अभिमतको सूचना २ जना संकलकद्धारा संकलन गरिएको थियो । बहिर्गमन अभिमतमा भाग लिनुभएका नागरिकलाई सार्वजनिक सुनुवाइमा भाग लिन निमन्त्रणा समेत गरिएको थियो । बर्हिगमन अभिमतको प्रतिवेदन सार्वजनिक सुनुवाई कार्यक्रममा सार्वजनिक समेत गरिएको थियो ।

बर्हिगमन अभिमत (Exit poll ) संकलनमा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ४ जना | ५ जना | ० जना | १४ जना | ८ जना | २२ जना | ३० जना |

यस बर्हिगमन अभिमत (Exit poll) को प्रतिवेदन अनुसुची २ मा राखिएको छ ।

**ख) नागरिक प्रतिवेदन पत्र संकलन :**

सार्वजनिक सुनुवाइको कार्यक्रम हुने दिन भन्दा अगावै नागरिक प्रतिवेदन पत्रको फारम प्रयोग गरी २ जना सुचना संकलकद्धारा सूचना संकलन गरिएको थियो । सुचना संकलन गर्न नागरिक प्रतिवेदन पत्रको फाराम भरिएको थियो । त्यस्तो फाराम गाँउपालिकाको वडा नं. ३, ४, ५, ६, ७ र ८ लाई समेट्ने गरी ५० जना नागरिकवाट संकलन गरिएको थियो । नागरिक प्रतिवेदन पत्र संकलनमा भाग लिनुभएका नागरिकलाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा समेत गरिएको थियो । नागरिक प्रतिवेदन पत्र (CRC) संकलनको प्रतिवेदन सार्वजनिक सुनुवाई कार्यक्रममा समेत प्रस्तुत गरिएको थियो । नागरिक प्रतिवेदन पत्र (CRC) संकलनका सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | ब्राम्हण/क्षेत्री | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ९ जना | १८ जना | १ जना | ३२ जना | २० जना | ३० जना | ५० जना |

यस नागरिक प्रतिवेदन पत्र (CRC) को प्रतिवेदन अनुसुची ३ मा राखिएको छ ।

**ग) सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण :**

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्न १ जना सहजकर्ता र १ जना सहजीकरण सहयोगीको व्यवस्था गरिएको थियो । उक्त सहजकर्ताले निष्पक्ष रुपमा विषय केन्द्रित भई सार्वजनिक सुनुवाईको सहजीकरण गरेको थियो । सहजकर्ताले सार्वजनिक सुनुवाई गर्न देहाय बमोजिम विधि र प्रक्रिया अवलम्वन गरेको छ :

१. शिष्ट एवं विनयशील भाषाको प्रयोग गरेको,

२. निष्पक्षरुपले मध्यस्थता गरेको,

३. महिला जनजाति तथा पिछडिएका वर्गलाई आआफ्नो भनाइ राख्न प्रोत्साहित गरिएको,

४. सहभागीले व्यक्त गरेका विचारमा प्रतिवाद नगरिएको,

५. प्राप्त सुझाव, प्रतिक्रिया तथा टिप्पणीलाई सकारात्मक रुपमा लिएको,

६. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राखेको,

७. सहभागिको कुरा काटी आफ्नो भनाई नराखेको र

८. विषय वस्तुमा केन्द्रित रही छलफल गराएको ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| ३९ जना | १२४ जना | १६३ जना |

## ४. उठेका प्रश्न□जिज्ञासा र उत्तर

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | जित ब. खड्का उदयपुरगढी गापा-६, नेपालटार | आ.ब. ०७६/७७ को निती तथा कार्यक्रम भन्दा पहिले नै सार्वजनिक सुनुवाई गर्नुपर्दथ्यो किन ढिला भयो ? | गा.पा. प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी | यो सार्वजनिक सुनुवाई कार्यक्रम गर्नको लागी पटक पटक तय गरियो तर तय भएको मितिमा विभिन्न विशेष कामहरु परेको हुँदा समयमै गर्न सकिएन । अवका दिनहरुमा समयमै सम्पन्न गर्ने प्रतिवद्धता समेत जाहेर गर्दछु । |
| | | गाँउपालिकाको निति तथा कार्यक्रम सार्वजनिक गर्दा जानकारी कम भयो ? विभिन्न गुनासो थियो ? किन जनताका गुनासाहरु सम्वोधन हुन सकेनन् ? के वाध्यता परेको होला ? | गा.पा. अध्यक्ष मान ब. केप्छाकी मगर | गापाको निती तथा कार्यक्रम तय गर्दा प्रक्रिया अनुसार नै भएको छ । जनप्रतिनिधीहरुको रोहवरमा नै भएको छ । सार्वजनिक गर्ने क्रममा जेष्ठ भित्र वडा भेला गरिसक्नुपर्ने हो । असार १० गते भित्र अनिवार्य गाँउसभा गरीसक्नुपर्ने थियो । असार २० गते भरीमा निति तथा कार्यक्रम सिस्टममा अपडेट गरिसकेको हुनुपर्ने भनी कोलेनिकाबाट पत्र नै प्राप्त भएको थियो । हामीले हतार हतार गरेर समयमै सिस्टममा राखेका हौ । हाम्रो गाँउ सभा हुदा ४५ जना जनप्रतिनिधीको सहभागितामा हुन्छ भन्ने कुरामा स्पष्ट हुन जरुरी छ । |
| | | बाढीबाट पिडित र घरवार गुमाएकाहरुलाई के कस्ता कार्यक्रमहरु तथा सहयोगको योजना बनाएको छ ? | गा.पा. अध्यक्ष मान ब. केप्छाकी मगर | बाढिबाट घरवार विहिन भएका हरुलाई एकपटक कपडा सहित खाद्यान्नको व्यवस्था गरेका छौ । संघसंस्थाहरु संग पनि सहकार्य गरी राहत वितरण कार्य भएको छ । यदि कसैको बस्नको लागी व्यवस्था नै छैन वडा समितिबाट सिफरिस आएमा साधरण घर बनाउने प्रक्रिया अगाढी बढाएका छौ । |
| | | बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्र अनुसार गाँउपालिकामा कर्मचारीहरु किन नभेटिएको होला ? | गा.पा. प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी | त्यस्तो कर्मचारी नभएरै काममा अवरोध भएको अवस्था छैन । यदी त्यस्तो भएको रहेछ भने त्यसलाई सुधार गर्दै लगीनेछ । कर्मचारीहरु नभएर काम रोकिएको परिस्थीति भएमा हामीलाई जानकारी प्राप्त भएमा तुरुन्त कर्मचारी व्यवस्था गरी काम हुने वातावरण बनाउने छौ । |
| | | नेपालटार गढी -केउरेनी सडक ठेक्का लागेको भन्ने सुनेको हालसम्म किन काम नभएको होला ? | गा.पा. अध्यक्ष मान ब. केप्छाकी मगर | SNRTP भन्ने कार्यक्रम मार्फत गढी बाट केउरेनी सडकको लागी २ करोड १० लाख रकम विनियोजन भएको छ । जिल्ला प्राविधिक कार्यालय मार्फत ठेक्का लाग्ने काम भएको छ । महादेव खिम्ती अजाद जेभीले १ करोड ६० लाखमा ठेक्का पारि मिति २०७६ भाद्र ५ गतेबाट काम शुरु गर्न २०७६ साउन १६ गतेबाट सम्झौता भईसकेको छ । महादेव खिम्ती अजाद जेभीले काम शुरु गर्नको लागी खोला निकासीको निवेदन गापामा हालेको छ । तर बर्षातको समयमा काम गर्दा बगाउने तथा काम राम्रो नहुने हुँदा हामीले म्याद थप्न लगाएका हौ। खोला निकासी गर्न पनि असोज लाग्नु पर्दछ । हामी गिटी वालुवा र ढुंगाको टेण्डर गरेर असोज पहिलो हप्ताबाट काम शुरु हुने व्यवस्था मिलाउदै छौ । ए ग्रेडको गिटी लगाएर काम राम्रो गर्ने गरी काम हुने कुरामा हामी विस्वस्त छौ । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | ग्रामिण विधुतीकरणको काम कता पुग्यो ? | गा.पा. अध्यक्ष मान ब. केप्छाकी मगर | उदयपुरगढी बासी सवैको ध्यान सामुदायिक विधुतिकरणमा छ र हुनुपनि पर्दछ । जनप्रतिनिधी र समितिहरुको मेहनत र नागरिकको आर्थिक लगानी पनि धेरै भएको छ । यस सामुदायीक विधुतिकरणमा ६० करोडको इस्टीमेट छ, जसमध्ये ३३ करोडको ठेक्का लागी काम पनि भईरहेको छ । २ प्याकेजमा काम भईरहेको छ । काम सम्झौता गरेको ६ महिना वितिसकेको छ १२ महिना समय बाकी छ । तोकेको समयमा काम पुरा गर्ने प्रतिवद्धता पनि भएको छ । आवश्यक पोल, तार, ट्रान्सफर्मर पनि खरिद गरिएको सकेको अवस्था छ । पहिरो गएर सडक अवरुद्ध भएकोले समस्या सिर्जना भएको छ। सडक मर्मत गर्ने कार्य अघि बढाउने काम भईरहेको छ। |
| २. | किरण लुंगेली मगर उदयपुरगढी गाँउपालिका -७ | बलान खोलामा ढुंगाको ठेक्का लाग्यो । हामी त्यहिका व्यक्तीलाई जानकारी सम्म भएको छैन । गाँउपालिका अध्यक्षले खोला ठेक्का लगाउने क्रममा ८० प्रतिशत बजेट यहि वडामा खर्च हुनेछ भनी आश्वासन दिनु भएको थियो ? ८० प्रतिशत भनेको कति हो ? कता गयो ८० प्रतिशत बजेट ? | वडा नं. ७ वडा सचिव खिलराज कार्की | वडामा भेला वोलाई एक गाउ एक योजना पास गर्ने सहमति बमोजिम हामीले रु ७० लाखका योजना बाँडफाँड गरेका छौ । त्यस बलान खोलामा ४६ लाखमा ठेक्का लागेको हो । त्यस मध्ये २ बर्षको लागी आइ.ई.ई. गर्दा लगभग १३ लाख खर्च भएको र रकम ४० प्रतिशत १८ लाख रकम प्रदेशमा पठाएको र बाकी रकम योजना छानेर त्याउनको लागी वडा भेलामा नै छलफल गरी बलान खोला क्षेत्रका १० वटा कुलोमा गाँउसभा मार्फत २१ लाख खर्च भएको छ । |
| ३. | पुर्ण ब. खत्री उदयपुरगढी गापा-५, कुसुमबोटे | यस उदयपुरगढी गापाको वडा नं. ५ स्थित माटेखोलामा RCC गरी निर्माण गरेर सिंचाई गरिरहेका २ वटा कुलोहरु सञ्चालनमा थिय । हाल बाढिले क्षती भएको छ । माथिल्लो कुलोलाई बजेट बिनियोजन भयो तर तल्लो कुलोलाई बजेट बिनियोजन किन हुन सकेन ? | वडा नं. ५ बाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य | एकै पटक २ वटै कुलोमा अलिअलि बजेट हाल्न खोजेको बजेट कमी हुन्छ भनी उपभोक्ताहरुले मानेनन् । नमाने पछि यो बर्ष माथिल्लो कुलोलाई बजेट हाल्ने र अर्को बर्ष तल्लो कुलोलाई पालोपालो बजेट हाल्ने भनी सहमती बमोजिम तल्लो कुलोलाई यो बर्ष बजेट नहालिएको हो । अर्को बर्ष हामी बजेट अनिवार्य हाल्नेछौ । त्यहा हुने समस्या लाई हामी कार्यपालिका वैठकमा छलफल गरी समस्या समाधान गर्न प्रयास गर्नेछौ । |
| ४. | अम्वर ब. कार्की उदयपुरगढी गा.पा. | अन्य विभिन्न प्रतिवेदनहरु प्रस्तुत भए तर आर्थिक प्रतिवेदन प्रस्तुत भएन किन होला ? | गा.पा. प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी | आर्थिक प्रतिवेदन ७०-७५ पेजको छ। विस्तृतमा यहा प्रस्तुत गर्न सकिएन। गापामा आएर लिन सक्नुहुनेछ। छोटकरीमा प्रस्तुत भईसकेको छ। जम्मा आम्दानी र खर्चको विवरण प्रस्तुत भएको छ । हाम्रो आर्थिक हिनामिना हुने संभावना ज्यादै न्यून छ। आज कति पैसा निकासा भयो र केकेमा निकासा भयो भनी हरेक दिन हामीले खर्च विवरण इन्ट्री गर्नुपर्ने हुन्छ । खर्च ट्र्याक भईरहेको हुन्छ । हेर्न चाहने व्यक्तीले सम्पुर्ण विवरण प्राप्त गर्न सक्नुहुन्छ । कार्यालय समयमा सम्पर्क राखेर हेर्दा योजनागत रुपमानै विवरण उपलव्ध गराउन सकिन्छ। |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | ग्रामिण विधुतीकरणमा बजेट केकती संकलन र खर्च भयो ? | ग्रामिण विधुतिकरण अध्यक्ष देव गरी | ग्रामिण विद्युतिकरणको व्यवस्थापन समितिले उदयपुरगढी गाँउपालिकाको कार्यपालिकाको निर्णय बमोजिम मात्र कार्य गरीएको छ । काम निरन्तर भईरहेको छ। खरिद कार्य भईरहेको हुँदा काम देखिएको छैन। घरधुरी, सामुदायिक वन र संस्थाहरुबाट संकलन भएकको रकम विवरण :<br>वडा नं. १ : रु. २९,१६,७५०/- ७८८ घरधुरीबाट<br>वडा नं. २ : रु. १९,९७,०००/- घरधुरीबाट<br>वडा नं. ३ : रु. १९,७५,०००/- ४९५ घरधुरीबाट<br>वडा नं. ४ : रु. १६,५१,०००/- ४६२ घरधुरीबाट<br>वडा नं. ५ : रु २७,२७,०००/- १२८१ घरधुरीबाट<br>वडा नं. ६ : रु ३५,५७,२७४/- ८९२ घरधुरीबाट<br>वडा नं. ७ : रु ८९,०००/- ३५ घरधुरीबाट<br>वडा नं. ८ : रु २६,६५,७००/- ६७२घरधुरीबाट<br>हजारे सामुदायिक बनबाट : रु १०००००/-<br>आवे सामुदायिक बनबाट : रु. ५०००००/<br>दयालु सामुदायिक बनबाट : रु २०००००/-<br>केउरीनी सामुदायिक बनबाट : रु ५०००००/-<br>डाफे सामुदायिक बनबाट : रु ६०००००/-<br>रातमाटे सामुदायिक बनबाट : रु ४९९०००/-<br>प्रगतिशिल सामुदायिक बनबाट : रु. २५००००/-<br>विश्वकर्मा सामुदायिक बनबाट : रु. २३०००००/-<br>चियावारी सामुदायिक बनबाट : रु. २५०००००/-<br>पञ्चकन्या सामुदायिक बनबाट : रु. ८०००००/-<br>नयावन सामुदायिक बनबाट : रु. ३०००००/-<br>बबनसिंह सामुदायिक बनबाट : रु. ३०००००/-<br>पाथिभरा सामुदायिक बनबाट : रु. १०००००/-<br>बरगाछि सामुदायिक बनबाट : रु. ५००००/-<br>देउराली सामुदायिक बनबाट : रु. ५००००/-<br>दियाले सामुदायिक बनबाट : रु. ५००००/-<br>आकाश निर्माण सामुदायिक बनबाट : रु.२०००००/-<br>बलान सामुदायिक बनबाट : रु. ५००००/-<br>अन्णपुर्ण सामुदायिक बनबाट : रु. ३०००००/-<br>धुव्रतारा सामुदायिक बनबाट : रु. ४०००००/-<br>पौवा सामुदायिक बनबाट : रु. २०००००/-<br>नरेटार सामुदायिक बनबाट : रु. १०४०००/-<br>मैनेश्वर सामुदायिक बनबाट : रु. ५०००००/-<br>शान्ती महिला संस्थाबाट : रु. १०००००/-<br>उदयपुरगढी गाँउपालिकाबाट : रु ५४४०००/-<br>कसमस सिमेन्टबाट : रु.१००००००/-<br>गेर्खेबाट : रु ६३४००/-<br>त्यस्तै खर्चतर्फ रु ३ करोड ३ लाख ३५ हजार सामुदायिक बनको केन्द्रिय कार्यालयको खातामा जम्मा गरेको २२ लाख ८० हजार सर्वे गर्ने संस्थालाई दिएको |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | उदयपुरगढी गा.पा.को स्थानीय आम्दानी के कति भयो ? स्थानीय आम्दानी खर्च गर्ने विधि र प्रक्रिया के हो ? | गुणराज श्रेष्ठ | ६० प्रतिशत गाँउपालिकाको आम्दानी हो ४० प्रतिशत हामीले प्रदेश सरकारलाई जम्मा गर्नुपर्दछ । दैनीक संकलन भएको रकम हामीले सिस्टममा अपडेट गर्नुपर्दछ र गर्ने गरिएको पनि छ । सबैखाले आन्तरीक आयबाट उदयपुरगढी गाँउपालिकाको आ.ब. ०७५/७६ को आन्तरीक आय निम्न बमोजिम रहेको छ :<br>वडा नं. १ : रु. २,७७,८५१/-<br>वडा नं. २ : रु. १,७१,०००/-<br>वडा नं. ३ : रु. १,४५,५६०/-<br>वडा नं. ४ : रु. १,४९,८७६ /-<br>वडा नं. ५ : रु २,५८,१७७.३७<br>वडा नं. ६ : रु १,१७,५५६ /-<br>वडा नं. ७ : रु २,५९,९९०/-<br>वडा नं. ८ : रु ३,६८,०२६/-<br>गा.पा. विषयगतबाट : रु १,४३,१५०/-<br>**जम्मा आन्तरीक आयः रु १८,९१,१८६.३७**<br>नदिजन्य श्रोतबाट : रु ४५,००,०००/-<br>चुनढुंगाबाट : रु.५,००,०००/-<br>**जम्मा संकलन : रु.६८,९१,१८६.३७** |
| | | सहकारी सञ्चालन कार्यविधि बनाएको भनीएको छ । गापा भित्रका सहकारीलाई नियमन तथा व्यवस्थापन गर्ने विधि के छ ? टोल विकास संस्थाहरु पनि सहकारी जस्तै हुन भनी तोकिएको छ । के टोल विकास संस्थाहरु सहकारीको नियम अनुसार सञ्चालन गर्न उपयुक्त छ ? | गा.पा. प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी | ऐन बनाएको छ । सहकारी शाखामा कर्मचारीको व्यवस्था गरेका छौ । उहाले कार्यसञ्चालन सँग कार्यविधि बनाउदै हुनहुन्छ । सहकारीको रेकर्ड राख्ने काम भईरहेको छ । स्थानीय स्तरमा कसरी काम गर्ने भन्ने बारेमा हामी अलमल परेका छौ । टोल विकास संस्था फरक हुन् । त्यसरी एउटै ढंगबाट सञ्चालन गर्न मिल्दैन । सहकारीहरु विभिन्न प्रकारका हुने भएको हुदा कानुनी जटिलता पनि छ । हामी कानुनी रुपमा सहजता बनाउदै काम गर्ने गरी आगामी बर्ष व्यापक छलफलबाट निर्णयमा पुग्नेछौ । |
| ५. | गोपाल कार्की उदयपुरगढी गा.पा. ४ | गाउपालिका कार्यालय भित्र सुनखानी छ भनिएको छ । त्यहा विदेशीले हेर्ने मान्छे राखेको छ । त्यस क्षेत्रमा बाखा गाईबस्तु समेत चराउन पाईदैन । कस्को निर्देशनमा अनुमतीमा त्यहा त्यस्तो काम भएको हो ? | वडा नं. ४ वडाध्यक्ष | यो कुरा पहिले पनि आएको थ्यो तर त्यस्तो त होइन होला भनी हामीले वास्ता गरेका थियनौ । तर आज यस ठाँउमा आवज उठ्दा साचै हो जस्तो लाग्यो त्यस्तो के रहेछ । वडा कार्यालयलाई जानकारी नदिई त्यस्तो कार्य गर्न पाईदैन । यसको वारेमा ७ दिन भित्र यथार्थ पत्ता लगाई गाँउ कार्यपालिकामा छलफल गरी त्यसलाई व्यवस्थित गरिनेछ । |
| ६. | ढक ब. राउत स्थानीय पत्रकार | यस गाँउपालिकामा भएका सरकारी साधनहरुको व्यापक दुरुपयोग भएको छ । किन दुरुपयोग राक्ने प्रयास गरीदैन ? | गा.पा. प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी | दुरुपायोग अरुले राकेर रोकिने कुरा होइन । जसले सरकारी मोटरसाइकलको जिम्मेवारी पाएको छ उसैले राक्नुपर्दछ । सम्वन्धीत जिम्मेवारी पाएको व्यक्तीले नै दुरुपयोग रोक्नुपर्दछ । दुरुपयोग गर्ने मिल्दैन । हाम्रै गाँउपालिकामा आउदा समेत कहिलेकाहि ३ जना चढेर आएको देखेको छु । त्यसरी भेट्दा यसरी प्रयोग गर्न मिल्दैन भनी सल्लाह दिने पनि गरेको छ । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रशन/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | तपाईहरुले पनि दुरुपयोग भएको अवस्थामा भटेमा सल्लाह दिनुहोला र सल्लाह नमानी अटेर गरेमा गाँउपालिकामा सुचना दिनुहोला । अनुरोध गर्ने काम मात्र हाम्रो हो । जिल्ला प्रशासनले कारवाहि प्रक्रिया अगाडी बढाउछ । |
| | | पसल दर्ता गर्न जाँदा वडा नं. ६ मा रु १७०० को रकम तिर्नुपर्‍यो तर रु ७०० को मात्र रसिद दिइयो ? बिरोध गरेर सार्वजनिक रुपमा आवाज उठाउन थालेपछि भोलीपल्ट रु. १००० को रसिद काटेर घरमै पुर्‍याउने काम भएको छ । | रितेश थापा वडा सचिव उदयपुरगढी गा.पा. वडा नं. ६ | पसल दर्ता गर्न होटल व्यवसायको घरेलुमा दर्ता गर्दा मुचुल्का पनि बनाउनु पर्दछ । कर्मचारी र प्रहरी समेत खटाई मुचुल्का बनाएको दस्तुर रु १००० हो, त्यो लिन मिल्छ । रु ७०० राजस्व हो त्यसको रसिद काटेको हो । रु १०००को रसिद काट्न मिल्दैन थियो । रु १००० को बिषयमा ज्यादै नकरात्मक तरीकाले आवाज उठाएपछि हामीले रसिद काटेर आम्दानी बाधेका हौ । यो नबुझेर सामान्य त्रुटि भएको हो । अब यस्तो त्रुटि हुनेछैन । |
| | | कर्मचारी राजनितिक नातामा नियुक्ती हुने गरेका छन् । किन यस्तो हुन्छ । निष्पक्ष ढंगबाट किन कर्मचारी नियुक्त गरीदैन ? | गा.पा. प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी | राजनितिक दवाव र प्रभावमा नियुक्त गर्ने काम गरिएको छैन । यदि कुनै साधारण खालको पदहरु उदारणको लागी ड्राइभर, भान्से आदि जस्ता पदहरु नियुक्त गर्दा विस्वासको आफुलाई मन खाने गर्नु स्वभाविक हो तर त्यो भन्दा माथिका बौद्धिक क्षमताले काम गर्ने कर्मचारी करार नियुक्ती गर्दा प्रतिश्पर्धा बाट नै गर्ने गरिएको छ । |

## ५. सार्वजनिक सूनूवाई कार्यक्रममा सुझावहरु

१. नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा कमजोर प्रतिशतहरुलाई गाँउपालिकाले सुधार गर्नुपर्दछ ।

२. बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा सुधार गर्नुपर्ने पक्षहरु महलमा भएका सवालहरु गाँउपालिकाले सुधार गर्नुपर्दछ ।

३. सार्वजनिक सुनुवाई कार्यक्रममा जाहेर भएका प्रतिवद्धताहरु कार्यान्वयन गर्नुपर्दछ ।

४. सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहिता अभिवृद्धि गर्न सबै वडाध्यक्षहरु र विषयगत शाखाहरुको उपशिथति अनिवार्य गर्नुपर्दछ ।

५. गाँउपालिकाको कार्यालय जाने बाटो तत्काल सुधार गरी सजिलो बनाउनु पर्दछ ।

६. सार्वजनिक सुनुवाई कार्यक्रम तोकिएको समयमा सुरु गर्नुपर्दछ ।

७. गाँउसभाबाट सार्वजनिक सुनुवाई कार्यविधि, सार्वजनिक परिक्षण कार्यविधि र सामाजिक परिक्षण कार्यविधि पास गरेर सोहि बमोजिम कार्यक्रमको आयोजना गर्नुपर्दछ ।

८. गाँउपालिकाको कार्यालय र वडा कार्यालयहरुमा नागरीक बडापत्रको व्यवस्था गर्नुपर्दछ ।

९. गाँउपालिकामा सुचना अधिकारी र गुनासो सुन्ने अधिकारीको वारेमा जानकारी दिनेगरी विवरण राख्नुपर्दछ ।

## ६. सार्वजनिक सूनूवाई कार्यक्रममा जाहेर भएका प्रतिवद्धताहरु :

१. ग्रामिण विद्युतीकरणको संकलन भएको रकमको प्रत्येक विवरण हप्तादिन भित्र सुचना पाटिमा टाँस गर्ने ।

२. हप्तादिन भित्रमा गा.पा.को वडा नं. ४ मा भएको सुनखानी क्षेत्र अनुगमन गरी यथार्थ सार्वजनिक गर्ने ।

३. माटेखोलाको तल्लो कुलो मर्मत गर्न बजेट व्यवस्था नभउको हुँदा कार्यपालिका वैठकमा छलफल गरी समस्या समाधान गर्ने ।

## अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ । बढिमा ३ मिनेट भित्र प्रश्न वा जिज्ञासा राखिसक्नु पर्नेछ ।

३.सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिकिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

४.आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

५.चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

६.सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

७.सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

८.सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

९.सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।


# अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन


उदयपुरगढी गाँउपालिकाको आ.ब. ०७५/७६ को सार्वजनिक सुनुवाईकालागी


## नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन


विवरण संकलन
पुस्कर धमला र सबिना भण्डारी


विश्लेषण र प्रस्तुती
बिकाश बन्जारा








## सेवाप्रतिको जनविश्वास

**३. उदयपुरगढी गाँउपालिका र वडा कार्यालयहरुले दिने सवैखाले सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**





## सेवाको गुणस्तर

**४. उदयपुरगढी गाँउपालिकामा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**





**५. उदयपुरगढी गाँउपालिका कार्यालयको भौतिक अवस्था कस्तो छ ?**





## नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धि

**६. उदयपुरगढी गाँउपालिका कार्यालयमा नागरिक बडापत्रको व्यवस्था छ ?**





**७. तपाईको विचारमा उदयपुरगढी गाँउपालिका कार्यालयमा उजुरी पेटिकाको उपयोग भएको छ ?**








**८. उदयपुरगढी गाँउपालिकाको कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था छ ?**




## सिफरिस सम्वन्धि

**९. कार्यालयमा कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्छ ?**




## पूर्वाधार तथा सरसफाई सम्वन्धी


**१०. उदयपुरगढी गाँउपालिका कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**










**११. तपाईको गाँउपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**





**१२. उदयपुरगढी गाँउपालिकामा सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**





**१३. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरु वा अरु कसैलाई कमिसन रकम पनि दिनुपर्छ ?**





**१४. योजना सञ्चालन गर्दा जनप्रतिनिधीवाट कत्तिको सहयोग पाउनु भएको छ ?**



**१५. उदयपुरगढी गाँउपालिका कार्यालयमा भएका कर्मचारीहरुमा सिप कस्तो छ ?**





**१६. उदयपुरगढी गाँउपालिकाको जनप्रतिनिधी सहितको बर्तमान कार्यसञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**





## पारदर्शिता सम्वन्धी

**१७. यस गा.पा.को वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**




**२१. उदयपुरगढी गाँउपालिकाको आम्दानी र खर्च सुचना पाटिमा टासेको देख्नुभएको छ ?**



# अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन


उदयपुरगढी गाँएपालिकाको आ.ब. ०७५/७६ को
सार्वजनिक सुनुवाईकालागी

## Exit Poll प्रतिवेदन

विवरण संकलन
पुस्कर धमला र सबिना भण्डारी


बिक्ष्लेषण र प्रस्तुती
बिकाश बन्जारा

### उत्तरदाताहरुको विवरण






जम्मा ३० जना


### उत्तरदाताहरुको जातिगत विवरण






जम्मा ३० जना






## नागरिकहरुका अनुसार यस गाँउपालिककाका राम्रा पक्षहरु :

- कार्यालयको भौतिक अवस्था राम्रो छ।
- कार्यालय परिसरको वातावरण राम्रो छ।
- गापामा रकम विनियोजनको अवस्था प्रयाप्त छ।
- विकासको लागी बजेट खोज्न मन्त्रालय तथा जिल्ला कार्यालय जानु पर्दैन।
- कर्मचारी र जनप्रतिनिधिले सेवाग्राहिलाई गर्ने व्यवहार राम्रो छ। काम सजिलै हुन्छ। छिटो काम गर्न कर्मचारीले सहयोग गर्ने गरेका छन्।
- कार्यालय एकान्त ठाँउमा र भिडभाड नभएको ठाँउमा भएकोले सरसफाईको अवस्था राम्रो छ।
- सेवाग्राहिको काम सजिलो तरीकाबाट समाधान गर्ने गरेको राम्रो छ।
- योजना सञ्चालन गर्न गापाबाट हुने सहयोग धेरै राम्रो छ।

## नागरिकहरुका अनुसार गाँउपालिकामा सुधार गर्नुपर्ने पक्षहरु:

- कार्यालय आवत जवत गर्ने बाटो राम्रो बनाउनु पर्दछ।
- कार्यालयमा भएका भवनहरुको पुर्ण रुपमा सदुपयोग गर्नुपर्दछ।
- कार्यालयमा सेवाप्रवाह गर्ने कर्मचारीहरु नियमित कार्यालयमा बसेर सेवा प्रवाह गर्नु पर्दछ।(१४)
- जनप्रतिनिधी बाहिर जाँदा नागरीकलाई जानकारी दिएर बाहिर जादा राम्रो हुन्थ्यो।
- योजना छनौट गर्दा बोलवालाको योजना भन्दा पनि आवश्यकता बुझेर योजना छनौट गर्नुपर्दछ
- योजनाहरुको मुल्यांकन गर्दा सहि तरीकाबाट योजनाको मुल्यांकन गर्नुपर्दछ। (३)
- जनप्रतिनिधीले कर्मचारीलाई नियमित कार्यालय बस्न र अनुसासनमा रहन कडाई गर्नुपर्दछ।
- कार्यालयको खानेपानी र शौचालयमा पानिको प्रयाप्त व्यवस्था हुनुपर्दछ। (७)
- जनप्रतिनिधी र कर्मचारीहरुको कोठामा सिसि क्यामेराको व्यवस्था हुनुपर्दछ। (२)
- कर्मचारी कार्यालयमा नभएको कारणबाट एउटै कामको लागी पटक पटक धाउनुपर्ने अवस्था अन्त्य गर्नुपर्दछ।
- कामका लागी कार्यालयमा आउने सेवाग्राहिलाई प्रतिक्षलयको व्यवस्था हुनुपर्दछ।
- गाँउपालिकामा बाटो र विजुलीबत्तीको व्यवस्था सहज बनाउनु पर्दछ।
- रकम भुक्तानीको लागी गापा कार्यालय नजिकै बैकको व्यवस्था हुनुपर्दछ।
- कार्यालयमा उजुरी व्यवस्थापनको उपाय अवलम्वन गनुपर्दछ।
- गा.पा. कार्यालय र वडा कार्यालयमा नागरीक बडापत्रको व्यवस्था गर्नुपर्दछ।

## सेवा प्रवाहलाई अझ राम्रो बनाउन जनप्रतिनिधी र कर्मचारीले गर्नुपर्ने कुराहरु

| जनप्रतिनिधी | कर्मचारी |
|---|---|
| जनप्रतिनिधिहरु कार्यालयमा नियमित हुनुपर्दछ। | कार्यालयमा नियमित उपश्थित भई सेवा प्रवाह गर्नुपर्दछ। |
| समय समयमा आफुले गरेका व्यवस्थाहरुको वारेमा जानकारी दिनेगरी कार्यक्रम, गोष्टीहरु राख्नु पर्दछ। | कर्मचारीले अनिवार्य ड्रेस लगाउनु र समयको पालना गर्नुपर्दछ। |
| योजनाहरुको अनुगमन राम्रो गर्नुपर्दछ। खाराव नियतले तयार गरेका योजनाहरुको मुल्यांकन गरी त्यस्ता योजनाहरु पास गर्नु हुदैन। | अर्को कर्मचारीलाई जिम्मेवारी दिएर मात्र बिदा बस्नुपर्दछ। बेलाबेला सवैजसो कर्मचारीहरु कार्यालय छोडेर गाईघाट तिर जाने भएकोले त्यस्तो गर्नुहुदैन। |
| योजना निर्माण गर्नेक्रममा नै पटक पटक मुल्यांकन गर्नुपर्दछ। | योजना छनौट सम्पन्न भएपछि सार्वजानिक सुचना मार्फत नागरीकलाई जानकारी दिने व्यवस्था गर्नुपर्दछ |
| गाँउपालिकाको आयव्यय सार्वजनिक गर्नुपर्दछ। | उपभोक्ता समिती सँग कमिसन लिने काम बन्द गर्नुपर्दछ |
| शिक्षा क्षेत्रमा कम बजेट विनियोजन भएको छ बजेट वृद्धि गर्नुपर्दछ। | |
| प्राकृतिक प्रकोपले पारेको असर बारेमा अनुगमन गरी राहतमा वृद्धि गर्नुपर्दछ। | |

# अनुसुचि ४ : उदयपूरगढी गाउपालिकाको संक्षिप्त प्रतिवेदन

## उदयपुरगढी गाँउपालीका

गाँउ कार्यपालीकाको कार्यालय उदयपुर

### आ.व. २०७५/७६ को वार्षिक समीक्षा

मितिः २०७६।५।४

स्थान गाँउपालीकाको सभाहल

प्रस्तुतकर्ता
माधव सुवेदी
प्रमूख प्रशासकिय अधिकृत

### गत आ.व.२०७५।७६ को वजेटको समग्र

**सोच:**

आगामी पाँच वर्ष भित्र उदयपुरगढी गाँउपालीकालाई विकसित, समृद्ध,सुन्दर र शान्त नमुना गाँउपालीका वनाउने दिर्घकालीन सोचका साथ वजेट तथा कार्यक्रम प्रस्तुत गरीएको थियो ।

**लक्ष्य :**

- ❑पूर्वाधारको दिगो विकास मार्फत यस क्षेत्रको जनजिवनलाई सहज तुल्याउने
- ❑कृषि उत्पादन बृद्धि गरि ब्यवसायीकरण र विविधिकरण गर्ने ।
- ❑शिक्षा क्षेत्रको संरचना तथा गुणस्तरमा सुधार ल्याउने ।
- ❑पर्यटन क्षत्रको संभावना पहिचान गरि विकासको प्रमुख पक्षको रुपमा अधि वढाउने ।
- ❑सामाजीक आर्थिक विकास मार्फत जीवनको गुणस्तर कायम गर्ने ।
- ❑स्थानीय सरकारको सेवा प्रवाहलाई आधुनिक र गुणस्तरीय वनाउने ।
- ❑स्थानीय श्रोत, साधनको खोजी तथा दिगो उपयोग गर्ने ।
- ❑गाँउपालीका र अन्तर्गतका वडाहरुमा संस्थागत क्षमता अभिबृद्धि गरि सेवा प्रबाहलाई प्रभाबकारी बनाउने ।

### उदेश्य :

- उदयपुरगढी गाँउपालीकाको , आर्थिक, सामाजीक तथा पूर्वाधार क्षत्रको विकास गरी जनतामा स्वरोजगारका अबसर सिर्जना गरी एक समृद्ध स्थानीय तह वनाउने ।

### समग्र नितिका आधारहरु


- ❖जनताको चाहना, आबश्यकता र उपयुत्ततालाई आधार मानीएको ।
- ❖आम जनताको तत्कालीन र दिर्घकालीन आश्यकताहरुलाई समेटिएको ।
- ❖क्षेत्रगत योजना तथा कार्यक्रम वीच समन्वय गरीएको ।
- ❖ठुला योजनाहरुलाई क्रमागत योजनाहरुको रुपमा छनौट गरीएको ।
- ❖ स्थानीय तह र केन्द्र सरकारको कार्यक्रम वीच समन्वयको प्रयास गरीएको ।

### क्षेत्रगत रुपमा बजेट वाँडफाँड

| आर्थिक विकास (रु हजारमा) | सामाजिक विकास (रु हजारमा) | पूर्वाधार विकास (रु हजारमा) | वातावरण तथा विपद व्यवस्थापन (रु हजारमा) | संस्थागत विकास, सेवा प्रवाह र सुशासन (रु हजारमा) | अन्य | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| २१८२८ | २४९६९.५ | १०८०८०.५ | ६५९० | १५९९० | ६७५९० | २४५०४८.० |

नोट :- उदयपुरगढी गाँउपालीकाको वार्षीक बजेट विवरण २०७५/०७६ -वित्तीय समानीकरण, अल्या, अन्तरीक श्रोत र प्रदेशबाट प्राप्त राजश्व बाँडफाँडको सहीत_

## क्षेत्रगत रुपमा बजेट बाँडफाँड




## क्षेत्रगत रुपमा बजेट बाँडफाँड

| आर्थिक विकास (रु हजारमा) | सामाजिक विकास (रु हजारमा) | पूर्वाधार विकास (रु हजारमा) | वातावरण तथा विपद व्यवस्थापन (रु हजारमा) | संस्थागत विकास, सेवा प्रवाह र सुशासन (रु हजारमा) | अन्य | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| २७५६४ | १६४३२०.५ | १०९५९३.५ | ६५९० | १५९९० | ६७५९० | ३९१६४८.० |

नोट :- उदयपुरगढी गाँउपालीकाको वार्षीक बजेट विवरण २०७५/०७६ -शसर्त, वित्तीय समानीकरण, अन्या , अन्तरीक श्रोत र प्रदेशबाट प्राप्त राजश्व बाँडफाँडको सहीत_


## वार्षिक शसर्त बजेट बाँडफाँड खर्च

केन्द्रीय अनुदानमा प्राप्त शसर्त अनुदान : रु.१६११८८३३२.००

गत आ.व.को वार्षिक खर्चः रु.१५५२५१६७६.००

गत आ.व.मा फ्रिज भई संघमा फिर्ता बजेटः रु.५९३६६५६.००

**खर्च प्रतिशत : ९६।३२**





## वार्षिक समानीकरण बजेट बाँडफाँड खर्च

केन्द्रीय समानीकरण अनुदान : रु.१६७७००००.००

गत आ.व.को वार्षिक खर्चः रु.१४७३३९७३६.७५

गत आ.व.मा फ्रिज भई अल्यामा बाँकी बजेटः रु.२०३६०२६३.२५

**खर्च प्रतिशत : ८७८५९**



# अनुसुचि ५: कार्यक्रमकका फोटोहरु



सार्वजनिक सुनुवाई कार्यक्रम सुरुवात गर्दै कार्यक्रम सञ्चालक गुणराज श्रेष्ठ



सार्वजनिक सुनुवाई कार्यक्रममा गाँउपालिकाको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्दै प्रमुख प्रशासकिय अधिकृत माधव सुवेदी



सार्वजनिक सुनुवाईमा उपश्थित अतिथी र सहभागीहरु

## अनूसूचि ६: कार्यक्रमको उपश्थितिको प्रतिलिपि